# निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२

प्रस्तावना: निजामती कर्मचारीका सन्ततिलाई नेपालका शिक्षण संस्थामा अध्ययन गर्नको लागि छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी व्यवस्थालाई निरन्तरता दिई छात्रवृत्ति वितरणको कार्यलाई व्यवस्थित, पारदर्शी, छिटो-छरितो र प्रभावकारी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका जारी गरेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "निजामती कर्मचारी" भन्नाले निजामती सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा व्यवस्थापिका-संसद् सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिमको सेवाको पदमा बहाल रहेको स्थायी कर्मचारी सम्झनु पर्छ र सो शब्दले निवृत्तभरण पाउने गरी त्यस्तो सेवाबाट अवकाश प्राप्त व्यक्तिलाई समेत जनाउँछ ।

(ख) "मन्त्रालय" भन्नाले सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(ग) "विद्यार्थी" भन्नाले यस निर्देशिका बमोजिम छात्रवृत्तिमा अध्ययन गर्न छनौट भएको निजामती कर्मचारीको सन्तति सम्झनु पर्छ ।

(घ) "सचिव" भन्नाले सामान्य प्रशासन मन्त्रालयको सचिव सम्झनु पर्छ ।

(ङ) "सन्तति" भन्नाले निजामती कर्मचारीको छोरा छोरी सम्झनु पर्छ र सो शब्दले निजको कानून बमोजिमको धर्मपुत्र धर्मपुत्रीलाई समेत जनाउँछ ।

(च) "समिति" भन्नाले दफा ९ बमोजिम गठित छात्रवृत्ति व्यवस्थापन समिति सम्झनु पर्छ ।

(छ) "छात्रवृत्ति" भन्नाले कुनै अध्ययनका लागि नेपाल सरकार वा कुनै शिक्षण संस्थाले उपलब्ध गराएको आर्थिक अनुदान, छुट, सहुलियत वा सुविधालाई सम्झनु पर्छ र सो शब्दले शिक्षण संस्थाले उपलब्ध गराएको जुनसुकै शुल्क छुटलाई समेत जनाउँछ ।

(ज) "ऐन"भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।

(झ) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ ।

(ञ) "जिल्लास्तरीय छात्रवृत्ति" भन्नाले दफा १२ बमोजिमको छात्रवृत्ति सम्झनु पर्छ ।

३. छात्रवृत्ति प्रदान गरिने: (१) नेपाल सरकारले प्रत्येक वर्ष निजामती कर्मचारीका सन्ततिलाई यस निर्देशिकाको अधीनमा रही छात्रवृत्ति उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति उपलब्ध गराइने सङ्ख्या सो प्रयोजनका लागि विनियोजन भएको बजेटको अवस्थालाई विचार गरी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको सङ्ख्यामा छात्रवृत्तिको लागि छनौट भएका प्रत्येक विद्यार्थीलाई स्नातक तहको पुरा अध्ययन अवधिभरमा देहाय बमोजिमको रकममा नबढ्ने गरी प्रत्येक शैक्षिक वर्षका आधारमा दफा २२ बमोजिम छात्रवृत्तिको रकम भुक्तानी गरिनेछः-

(क) एमबिबिएस, बिडिएस वा सो सरहको विषयमा अध्ययन गर्ने विद्यार्थीलाई पाँच लाख रुपैयाँ भन्दा बढी शैक्षिक शुल्क लाग्ने रहेछ भने पाँच लाख रुपैयाँ ।

(ख) खण्ड (क) मा उल्लिखित बाहेक अन्य विषयमा अध्ययन गर्ने विद्यार्थीलाई पाँचलाख रुपैयाँ भन्दा बढी शैक्षिक शुल्क लाग्ने रहेछ भने दुई लाख रुपैयाँ ।

(ग) खण्ड (क) र (ख) बमोजिमका विषयमा अध्ययन गर्दा अध्ययन अवधिभरमा पाँचलाख रुपैयाँ भन्दा कम शैक्षिक शुल्क लाग्ने रहेछ भने लागत बमोजिम बढीमा एकलाख पचास हजार रुपैयाँसम्म ।

(४) यस दफा बमोजिम छात्रवृत्ति प्रदान गर्दा दफा १६ को उपदफा (२) बमोजिमको योग्यताक्रमको आधारमा प्रदान गरिनेछ ।

४. <u>छात्रवृत्ति प्राप्त गर्न आवश्यक योग्यता:</u> देहायको योग्यता भएका निजामती कर्मचारीका सन्ततिले यस निर्देशिकाको अधीनमा रही छात्रवृत्ति प्राप्त गर्न सक्नेछन्:-

(क) प्रवेशिका (स्कूल लिभिङ्ग सर्टिफिकेट एक्जामिनेशन) परीक्षा र दश जोड दुई वा सो सरहको परीक्षामा कम्तीमा द्वितीय श्रेणी वा सो सरह उत्तीर्ण भएको, र

(ख) यस निर्देशिका बमोजिम छात्रवृत्ति प्रदान गरिने विषयमा स्वदेश भित्रका मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शिक्षण संस्थामा भर्ना भई स्नातक तह प्रथम वर्षमा अध्ययन गरिरहेको ।

५. <u>छात्रवृत्ति आरक्षण गरिने:</u> (१) केन्द्रस्तरीय छात्रवृतिलाई समावेशी बनाउन समितिमा प्राप्त भएका आवेदन मध्ये पचपन्न प्रतिशत स्थान खुला र पैंतालीस प्रतिशत स्थानलाई समावेशीतर्फ सिट छुट्याई सो प्रतिशतलाई सतप्रतिशत मानी देहाय बमोजिम वितरण गरिनेछः-

| | | | |
|---|---|---|---|
| (क) | महिला | : | तेत्तीस प्रतिशत, |
| (ख) | आदिवासी/जनजाति | : | सत्ताईस प्रतिशत |
| (ग) | मधेशी | : | बाईस प्रतिशत |
| (घ) | दलित | : | नौ प्रतिशत |
| (ङ) | अपाङ्ग | : | पाँच प्रतिशत, |
| (च) | पिछडिएको क्षेत्र | : | चार प्रतिशत । |

<u>स्पष्टीकरण:</u> यस खण्डको प्रयोजनका लागि "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा

स्थायी बसोबास गरी उल्लिखितमध्ये कुनै पनि जिल्लाहरुबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेको व्यक्तिलाई जनाउँछ ।

(२) उपदफा (१) बमोजिम छुट्याइएको समावेशी समूहमा कुनै दरखास्त पर्न नआएमा सो सङ्ख्या खुल्ला तर्फ समावेश गरिनेछ ।

(३) छात्रवृत्तिको लागि नतिजा प्रकाशन गर्दा उपदफा (१) बमोजिम क्रमशः नतिजा प्रकाशित गर्रिंदै लगिनेछ ।

(४) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको अभिलेख अनुसूची-१ को खण्ड (क) र (ख) बमोजिमको ढाँचामा समितिले अध्यावधिक गराई राख्नु पर्नेछ ।

६. <u>छात्रवृत्ति प्रदान गरिने तह र विषयः</u> (१) निजामती कर्मचारीका सन्ततिलाई समितिले तोकेको विषयमा स्वदेश भित्रका मान्यता प्राप्त शैक्षिक संस्थामा स्नातक तह वा सो सरहमा अध्ययन गर्नको लागि छात्रवृत्ति प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले तोकेको कुनै विषयमा दरखास्त नपरेमा समितिले त्यसैपटकको सूचना अनुसारको अर्को विषयमा सो कोटा सार्न सक्नेछ ।

७. <u>छात्रवृत्ति प्रदान नगरिनेः</u> (१) देहायका अवस्थामा निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति प्रदान गरिने छैन :-

(क) विदेशमा अध्ययन गरिरहेका,

(ख) नेपाल सरकारको वा नेपाल सरकारलाई प्राप्त भएको अन्य कुनै छात्रवृत्ति प्राप्त गरिरहेको,

(ग) कुनै शिक्षण संस्थाबाटै छात्रवृत्ति प्राप्त गरिरहेको,

(घ) अध्ययन अवधिमा कुनै फौजदारी कसूरमा दोषी प्रमाणित भएको ।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो खण्ड बमोजिम प्राप्त गरेको छात्रवृत्तिको रकम यस निर्देशिका बमोजिम प्रदान गरिने छात्रवृत्तिको रकम भन्दा कम हुने रहेछ भने यस निर्देशिका बमोजिम प्रदान गरिने रकमबाट उक्त छात्रवृत्ति वापत प्राप्त रकम घटाई बाँकी रहन आएको रकममात्र उपलब्ध गराईनेछ ।

८. <u>छात्रवृत्ति रद्द गरिने</u> : समितिले देहाय बमोजिमको अवस्थामा यस निर्देशिका बमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्द गर्नेछ ।

(क) झूठा विवरणहरु पेश गरेमा,

(ख) अध्ययनको वार्षिक प्रगति विवरण समयमा नबुझाएमा,

(ग) तोकिएको भन्दा बढी रकम प्राप्त गरी फिर्ता नगरेमा,

(घ) अध्ययन पूरा नगरेमा,

ङ) फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

(च) सम्बन्धित शिक्षण संस्थाबाट निस्काशित भएमा ।

९. <u>छात्रवृत्ति व्यवस्थापन समितिः</u> (१) निजामती कर्मचारीका सन्ततिलाई प्रदान गरिने छात्रवृत्ति सम्बन्धी नीति निर्धारण, समन्वय तथा व्यवस्थापन गर्ने काम समेतको लागि देहाय बमोजिमको एक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछः

(क) सचिव, सामान्य प्रशासन मन्त्रालय -अध्यक्ष

(ख) सह-सचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(घ) सह-सचिव, शिक्षा मन्त्रालय -सदस्य

(ङ) सह-सचिव, सामान्य प्रशासन मन्त्रालय -सदस्य

(च) अध्यक्षले तोकेको नेपालको कुनै विश्वविद्यालयको राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको प्रतिनिधि एक जना -सदस्य

(छ) उपसचिव, मन्त्रालयको सम्बन्धित शाखा -सदस्य—सचिव

(२) समितिको अध्यक्षले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विशेषज्ञ सहित बढीमा तीन जनासम्म व्यक्तिलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

१०. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> यस निर्देशिकामा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) छात्रवृत्तिलाई दिर्घकालीन तथा प्रभावकारी बनाउनको लागि अवलम्बन गर्नु पर्ने नीतिका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ख) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक मापदण्ड निर्माण गर्ने, गराउने,

(ग) प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिने विषय, सङ्ख्या तथा छात्रवृत्तिको रकम एकीन गर्ने,

(घ) छात्रवृत्ति प्रदान गर्नको लागि निजामती कर्मचारीका सन्ततिको छनौट गर्ने,

(ङ) खण्ड (घ) बमोजिम भएको छनौट वस्तुनिष्ट आधारमा भएको कुरा समितिले सुनिश्चित गर्ने,

(च) छात्रवृत्ति प्रदान गर्न विभिन्न निकायहरुबीच समन्वय कायम गर्ने,

(छ) छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा नगरी बिचैमा छाड्ने वा अध्ययन पूरा गरेपछि नेपाल सरकारले खटाएको काममा संलग्न नहुनेहरुबाट छात्रवृत्ति वापत प्राप्त गरेको रकम असुल उपर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,

(ज) समितिको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(झ) यस निर्देशिकाको उद्देश्य पूरा गर्न आवश्यक देखिएका अन्य काम गर्ने, गराउने।

११. <u>समितिको सचिवालय सम्बन्धी व्यवस्थाः</u> (१) समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

(२) समितिको सचिवालयको लागि आवश्यक कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ ।

(३) यस निर्देशिकामा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) छात्रवृत्ति प्रदान गरिने विषयहरु, छात्रवृत्तिको सङ्ख्या, अवधि र रकम निर्धारण, सचिवालय संचालन र व्यवस्थापन गर्ने सम्बन्धमा अध्ययन गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(ग) समितिको निर्णय अनुसार आवश्यक रकम वार्षिक रुपमा नेपाल सरकार समक्ष माग गर्ने,

(घ) समावेसी तर्फबाट प्रदान गरिने छात्रवृत्तिको प्रत्येक समूह, जाति, क्षेत्र तथा लिङ्गका आधारमा अभिलेख तयार गरी अध्यावधिक गराई राख्ने,

(ङ) छात्रवृत्ति प्रदान गरिएका विद्यार्थी अध्ययन गर्ने शिक्षण संस्थाबाट छात्रवृत्ति प्रदान गरिएको विद्यार्थीको सम्बन्धमा आवश्यक जानकारी तथा सूचना प्राप्त गर्ने,

(च) छात्रवृत्ति प्रदान गरिएका विद्यार्थीको अभिलेख तयार गरी अद्यावधिक गराई राख्ने,

(छ) समितिबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ज) छात्रवृत्ति छनौट तथा वितरण गर्ने सम्बन्धमा समितिलाई सहयोग गर्ने,

(झ) छात्रवृत्तिको रकम भुक्तानी गर्ने,

(ञ) छात्रवृत्ति प्राप्त विद्यार्थीको अनुगमन गरी प्रतिवेदन दिने,

(ट) समितिले सुम्पेका अन्य काम गर्ने ।

१२. <u>जिल्ला स्तरीय छात्रवृत्ति</u> : (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि छात्रवृत्ति उपलब्ध गराउँदा प्रत्येक जिल्लाबाट सामुदायिक विद्यालयमा अध्ययन गरी प्रवेशिका परीक्षा वा सो सरहको परीक्षामा कम्तीमा द्वितीय श्रेणी वा सो सरह उत्तीर्ण निजामती कर्मचारीका सन्ततिहरुमध्ये जिल्लास्तरमा सबैभन्दा बढी अंक प्राप्त गर्ने निजामती कर्मचारीका सन्तति मध्ये दुई छात्र र दुई छात्रालाई स्वदेशभित्र दश जोड दुई वा सो सरहको अध्ययनको लागि मासिक पाँच हजार रुपैयाँका दरले दुई वर्षसम्म विद्यार्थीले चाहेको विषय अध्ययन गर्नको लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि जिल्लास्तरीय छात्रवृत्तिका लागि छनौट गर्दा छात्रको आवेदन नपरी छात्राको मात्र आवेदन प्राप्त भएमा वा छात्राको आवेदन नपरी छात्रको मात्र आवेदन प्राप्त भएमा चार जनाको संख्यामा नबढ्ने गरी चारैजना छात्र वा छात्रालाई छात्रवृत्ति उपलब्ध गराईनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम विद्यार्थी छनौटका लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला छात्रवृत्ति छनौट समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी —संयोजक

(ख) जिल्ला शिक्षा अधिकारी —सदस्य

(ग) कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख -सदस्य

(घ) संयोजकले तोकेको उच्च माध्यमिक विद्यालय वा माध्यमिक विद्यालयको प्रधानाध्यापक एक जना -सदस्य

(ङ) संयोजकले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत कर्मचारी —सदस्य-सचिव

(४) दफा १४ बमोजिम जिल्लास्तरीय छात्रवृत्तिका लागि आवेदन माग गरी सूचना प्रकाशन भएको तीन महिना भित्र उपदफा (३) बमोजिमको जिल्ला छात्रवृत्ति छनौट समितिले विद्यार्थीको छनौट गरी मन्त्रालयमा पठाई सक्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको जिल्ला छात्रवृत्ति छनौट समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

१३. <u>बजेट व्यवस्था:</u> प्रत्येक वर्ष निजामती कर्मचारीका सन्ततिलाई प्रदान गरिने छात्रवृत्तिका लागि आवश्यक रकम अर्थ मन्त्रालयसँग समन्वय गरी छुट्टै बजेट शीर्षकमा नियमित बजेट विनियोजित गरिनेछ ।

१४. <u>छनौटको लागि सूचना प्रकाशन गर्ने:</u> (१) समितिले कम्तीमा तीस दिनको म्याद दिई यस निर्देशिका बमोजिम उपलब्ध गराईने जिल्लास्तरीय र केन्द्रस्तरीय छात्रवृत्तिका लागि इच्छुक निजामती कर्मचारीका सन्ततिबाट प्रत्येक वर्ष फागुन मसान्तभित्र दरखास्त आव्हान गरी राष्ट्रियस्तरको दुई वटा दैनिक पत्रिकामा कम्तिमा एकपटक सूचना प्रकाशन गर्नेछ ।

तर,

(१) यो निर्देशिका लागू भएपछि पहिलो पटकको सूचना समितिले निर्धारण गरेको समयमा प्रकाशन गरिनेछ ।

(२) खास अवस्थामामा समितिले निर्णय गरी दरखास्त बुझाउने म्याद बढाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायको विवरण समेत खुलाउनु पर्नेछः–

(क) छात्रवृत्ति प्रदान गरिने विषय र तह,

(ख) प्रत्येक विषयमा प्रदान गरिने छात्रवृत्तिको सङ्ख्या

(ग) दरखास्तको ढाँचा,

(घ) दरखास्त साथ संलग्न गर्नु पर्ने कागजात तथा विवरणहरु,

(ङ) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति,

(च) समितिले आवश्यक ठहऱ्याएका अन्य विषय ।

(३) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेबसाइटमा समेत प्रकाशन गरिनेछ।

१५. <u>दरखास्त दिनु पर्ने:</u> (१) छात्रवृत्ति प्राप्त गर्न चाहने निजामती कर्मचारीका सन्ततिले दफा १४ बमोजिमको सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा तोकिएको ढाँचा र स्थानमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पेश गर्दा प्रत्येक समूहका लागि छुट्टा छुट्टै दरखास्त फाराम पेश गर्नु पर्नेछ ।

(३) सरकारी वा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गर्नेले सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट र सरकारी वा सामुदायिक विद्यालयबाट दश जोड दुई उत्तीर्ण गर्नेले उच्च माध्यमिक शिक्षा परिषद् वा सो अन्तर्गतको क्षेत्रीय वा अञ्चलस्तरीय कार्यालयबाट सम्बन्धित शिक्षण संस्था सरकारी वा सामुदायिक हो भनी तथा नेपाल सरकारको अनुदानमा संचालित विश्वविद्यालय अन्तर्गत प्रवीणता प्रमाण पत्र तह उत्तीर्ण गर्नेले सम्बन्धित विश्वविद्यालयबाट सम्बन्धित शिक्षण संस्था आंगिक कलेज हो भनी गरेको सिफारिस समेत पेश गर्नु पर्नेछ ।

१६. <u>योग्यताक्रमको सूची तयार गर्ने:</u> (१) दफा १५ बमोजिम प्राप्त हुन आएका दरखास्त तथा सो साथ संलग्न कागजातहरुको छानबिन गरी समितिको सचिवालयले छात्रवृत्ति प्रदान गरिने प्रत्येक विषयको समितिबाट स्वीकृत मापदण्ड बमोजिम बेग्लाबेग्लै योग्यताक्रम अनुसारको सूची तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम योग्यताक्रम अनुसारको सूची तयार गर्दा दरखास्तवालाले प्रवेशिका परीक्षा र दश जोड दुई वा सो सरहको परीक्षा उत्तीर्ण गर्दा प्राप्त गरेको श्रेणीको आधारमा देहाय बमोजिम अङ्क प्रदान गरी प्राप्त हुने योग्यताक्रमको आधारमा तयार गर्नु पर्नेछः-

| शैक्षिक उपाधि | अधिकतम भार |
|---|---|
| (क) प्रवेशिका परीक्षा वा सो सरह | ४५ |
| (ख) प्रवीणता प्रमाण पत्र तह वा सो सरह | ५५ |

अंक गणना गर्ने तरीका: उदाहरण

(१) प्रवेशिका परीक्षा वा सो सरहका लागि छुटयाईएको कूल अंकभार = ४५

(क) विद्यार्थीले प्राप्त गरेको प्रतिशत ९० भए = ४५÷१०० × ९० = ४०.५०

(ख) विद्यार्थीले प्राप्त गरेको प्रतिशत ८५ भए = ४५÷१०० × ८५ = ३८.२५

(ग) विद्यार्थीले प्राप्त गरेको प्रतिशत ८० भए = ४५÷१०० × ८० = ३६.००

(२) प्रवीणता प्रमाण पत्र तह वा सो सरह का लागि छुटयायईएको कूल अंकभार = ५५

(क) विद्यार्थीले प्राप्त गरेको प्रतिशत ९० भए = ५५÷१०० × ९० = ४९.५०

(ख) विद्यार्थीले प्राप्त गरेको प्रतिशत ८५ भए = ५५÷१०० × ८५ = ४६.७५

(ग) विद्यार्थीले प्राप्त गरेको प्रतिशत ८० भए = ५५÷१०० × ८० = ४४.००

(३) उपदफा (२) बमोजिम तालिकीकरण गर्दा प्रवेशिका परीक्षा र दश जोड दुई वा सो सरहको अंक जोडी अनुसूची–२ बमोजिम योग्यताक्रमको सूची तयार गरिनेछ ।

(४) उपदफा (२) बमोजिम अङ्क गणना गर्दा स्वदेश भित्रका सरकारी वा सामुदायिक विद्यालयबाट अध्ययन गरी प्रवेशिका परीक्षा वा सो सरहको परीक्षा र दश जोड दुई वा सो सरहको परीक्षा उत्तीर्ण गर्ने निजामती कर्मचारीका सन्ततिको हकमा निजले प्राप्त गरेको प्राप्तांकमा प्रत्येक तहको लागि दश प्रतिशत अंक कृपांक (ग्रेश) दिईनेछ ।

१७. <u>छात्रवृत्ति प्रदान गर्नको लागि छनौट गर्ने:</u> (१) समितिको सचिवालयले दफा १६ बमोजिम तयार गरिएको योग्यताक्रम अनुसारको सूची समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम पेश भएको योग्यताक्रम अनुसारको सूची तथा आवश्यकता अनुसार दफा १५ बमोजिम पर्न आएका दरखास्त उपर समेत छानबिन गरी प्राप्त दरखास्तमध्ये योग्यताक्रमको आधारमा दफा १४ बमोजिमको सूचनामा उल्लेख भएको सङ्ख्यामा छात्रवृत्ति प्रदान गरिने विद्यार्थीको छनौट गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छात्रवृत्ति प्रदान गरिने विद्यार्थीको छनौट गर्दा समितिले बीस प्रतिशतसम्म बैकल्पिक सूची समेत प्रकाशन गर्नु पर्नेछ ।

(४) समितिले उपदफा (२) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौटको अन्तिम सूची प्रकाशन गरेपछि सोको सूचना सार्वजनिक रुपमा प्रकाशन गर्नेछ र सोको जानकारी छनौटमा परेको विद्यार्थीले अध्ययन गर्ने शिक्षण संस्थालाई समेत दिनु पर्नेछ ।

(५) समितिले नतिजा प्रकाशन गर्दा दरखास्त दिने सम्पूर्ण विद्यार्थीहरुको योग्यताक्रम सूची मन्त्रालयको वेबसाइटमा समेत प्रकाशन गर्नेछ ।

१८. <u>प्राथमिकता पाउने:</u> दफा १७ बमोजिम छात्रवृत्तिको लागि योग्यताक्रम तयार गर्दा एक जनाभन्दा बढी विद्यार्थीको समान अङ्क प्राप्त भएमा देहायको निजामती कर्मचारीको सन्ततिले प्राथमिकता पाउनेछः-

(क) सरकारी कामको सिलसिलामा मुत्यु भएका, शहिद तथा शसस्त्र द्वन्द्वको क्रममा मृत्यु भएका निजामती कर्मचारीका सन्तति,

(ख) खण्ड (क) बमोजिम योग्यताक्रम कायम गर्न नसकिएमा र फरक श्रेणी वा तहका निजामती कर्मचारीका सन्तति भएमा तल्लो श्रेणी वा तहको निजामती कर्मचारीको सन्तति,

(ग) खण्ड (ख) बमोजिम समेत योग्यताक्रम कायम गर्न नसकिएमा र समान श्रेणी वा तहका निजामती कर्मचारीका सन्तति भएमा दश जोड दुई वा सो सरहको परीक्षामा बढी उत्तीर्णाङ्क प्राप्त गर्ने सन्तति,

(घ) खण्ड (ग) बमोजिम समेत योग्यताक्रम कायम गर्न नसकिएमा प्रवेशिका परीक्षामा बढी उत्तीर्णाङ्क प्राप्त गर्ने सन्तति ।

१९. <u>कबुलियतनामा गर्नु पर्ने:</u> (१) दफा १७ बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट भई दफा ३१ बमोजिम उजुरीको म्याद समाप्त भएपछि छनौट भएका विद्यार्थी र सम्बन्धित निजामती कर्मचारीले छनौटको अन्तिम सूची प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा तीन

प्रति कबुलियतनामा गर्नु पर्नेछ । मृत्यु भैसकेका निजामती कर्मचारीहरुको हकमा जिवित बाबु वा आमा भए निजले र नभएमा अन्य संरक्षकले कबुलियतनामा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कबुलियतनामामा अन्य कुराको अतिरिक्त छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा नगरेमा, अध्ययनको वार्षिक रुपमा प्रगति विवरण नबुझाएमा, अन्य संस्था वा निकायबाट छात्रवृत्ति प्राप्त गरेकोमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको भएमा तथा अध्ययन पूरा गरी नेपाल सरकारले खटाएको काम नगरेमा वा दफा २३ बमोजिम विषय परिवर्तन गरेमा छात्रवृत्तिको रुपमा प्राप्त गरेको रकम तथा सोमा समितिले निर्धारण गरे बमोजिमको व्याज रकम समेत सरकारी बाँकी सरह असूल उपर गरिने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको कबुलियतनामाको एकप्रति समितिको सचिवालयमा राखी एकप्रति सम्बन्धित निजामती कर्मचारीलाई दिईनेछ र एकप्रति सम्बन्धित निजामती कर्मचारीको अभिलेखमा जनाउनको लागि निजामती किताबखानामा पठाइनेछ ।

२०. <u>बैकल्पिक सूचीमा परेको विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने:</u> (१) छात्रवृत्तिको लागि छनौट भएको विद्यार्थीले त्यस्तो छात्रवृत्ति लिन नचाहेमा वा दफा १९ को उपदफा (१) बमोजिम कबुलियतनामा गर्न नआएमा वा त्यस्तो विद्यार्थीले दफा ७ को अवस्था भई छात्रवृत्ति प्राप्त गर्न नसक्ने भएमा बैकल्पिक सूचीमा नाम समावेश भएका विद्यार्थीलाई योग्यताक्रम अनुसार सोही आर्थिक वर्षभित्र समावेश गरी छात्रवृत्ति प्रदान गरिनेछ ।

(२) वैकल्पिक सूचीमा परी उपदफा (१) बमोजिम छात्रवृत्ति पाउने उम्मेदवारले छात्रवृत्ति प्रदान गरिने सम्बन्धी सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्रमा दफा १९ बमोजिमको कबुलियतनामा गरी सक्नु पर्नेछ ।

२१. <u>अभिलेख राखिने:</u> समितिको सचिवालयले छात्रवृत्ति प्रदान गरिएका निजामती कर्मचारीका सन्तति र सम्बन्धित निजामती कर्मचारीको विवरण अद्यावधिक गरी अभिलेख तयार गरी राख्नेछ ।

२२. <u>छात्रवृत्तिको रकम भुक्तानी:</u> (१) दफा १७ बमोजिम छात्रवृत्तिको लागि छनौट भई दफा १९ बमोजिम कबुलियतनामा गरेपछि छात्रवृत्तिको रुपमा प्रदान गरिने रकम भुक्तानी गरिनेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको रकम सम्बन्धित विद्यार्थी अध्ययनरत शिक्षण संस्थालाई सोझै भुक्तानी गर्न सकिनेछ ।

(३) समितिको सचिवालयले विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको जानकारी सम्बन्धित शिक्षण संस्थालाई दिनेछ ।

२३. <u>विषय परिवर्तन गर्न नपाउने:</u> छात्रवृत्तिमा छनौट भई अध्ययन गरिरहेको विद्यार्थीले अध्ययनको निमित्त छात्रवृत्ति पाएको विषय परिवर्तन गर्न पाउने छैन ।

२४. <u>जानकारी गराउनु पर्ने:</u> (१) यस निर्देशिका बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा नगरी छाडेमा त्यसरी अध्ययन छाडेको एक महिनाभित्र र अध्ययन पूरा गरेकोमा निजले प्रमाणपत्र प्राप्त गर्नु अघि सम्बन्धित शिक्षण संस्थाले मन्त्रालयलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(२) यस निर्देशिका बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा गरी प्रमाणपत्र प्राप्त गरेको एक महिनाभित्र लिखित जानकारी सहित प्रमाणपत्रको प्रतिलिपि मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

२५. <u>नेपाल सरकारले काममा खटाउन सक्ने:</u> (१) यस निर्देशिका बमोजिम छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीलाई अध्ययन सकेपछि नेपाल सरकारले छात्रवृत्ति सम्बन्धी प्रचलित नेपाल कानून बमोजिम नेपाल सरकार वा नेपाल सरकारको कुनै संस्था वा निकायको काममा खटाउन सक्नेछ।

(२) उपदफा(१) बमोजिम नेपाल सरकारले खटाएको काममा संलग्न हुनु सम्बन्धित विद्यार्थीको कर्तब्य हुनेछ ।

(३) नेपाल सरकारले उपदफा (१) बमोजिम काममा खटाएको अवधिको लागि उचित पारिश्रमिक दिनेछ ।

(४) उपदफा (१) बमोजिम काममा खटाउँदा त्यस्तो विद्यार्थीले छात्रवृत्ति पाएको तह उत्तीर्ण गरेको एक वर्षभित्र खटाई सक्नु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले आवश्यक नपर्ने ठानेमा काममा नखटाउन सक्नेछ ।

२६. <u>ब्याज सहितको रकम असूल गरिने:</u> (१) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको दफा ८ बमोजिम छात्रवृत्ति रद्द भएमा वा दफा २५ बमोजिम नेपाल सरकारले खटाएको काममा संलग्न नभएमा त्यस्तो विद्यार्थीको छात्रवृत्तिमा लागेको सम्पूर्ण रकम र सोमा समितिले निर्धारण गरे बमोजिमको ब्याज रकम समेत त्यस्तो विद्यार्थीबाट असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम सम्बन्धित विद्यार्थीले मन्त्रालयमा नबुझाएमा त्यस्तो रकम सम्बन्धित निजामती कर्मचारीको तलब भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र त्यस्तो कर्मचारी सेवाबाट अवकाश भईसकेको भएमा निजले पाउने निवृत्तभरण वा अन्य सुविधाबाट समेत असूल उपर गरिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययनकै क्रममा गम्भीर विरामी भएको वा चोटपटक लागेको कारणबाट वा सम्बन्धित कर्मचारीको मृत्यु भई वा विद्यार्थीको काबुबाहिरको परिस्थिति परी अध्ययन पूरा गर्न नसकेको भन्ने कुरामा समिति सन्तुष्ट भएमा वा विद्यार्थीको मृत्यु भएमा निजले उपदफा (१) बमोजिम बुझाउनु पर्ने रकम समितिले मिनाहा गर्न सक्नेछ ।

२७. <u>विभागीय कारबाही हुने:</u> (१) छात्रवृत्तिको लागी आवश्यक कागजातहरु पेश गर्दा कुनै झुठ्ठा विवरण पेश गरेमा यसरी झुठ्ठा विवरण पेश गर्ने सम्बन्धित निजामती कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

(२) छात्रवृत्तिको लागी सम्बन्धित कार्यालयले सिफारिश गर्दा कुनै झुठ्ठा विवरण उल्लेख गरी सिफारिश गरेमा त्यसरी सिफारिश गर्ने कर्मचारी उपर समेत प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ ।

२८. <u>पुनः छात्रवृत्तिमा छनौट नगरिने:</u> (१) छात्रवृत्तिमा छनौट भएको कुनै विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन दफा २६ को उपदफा (३) बमोजिमको अवस्थामा बाहेक अन्य अवस्थामा पूरा नगरी छाडेमा वा दफा २५ बमोजिम नेपाल सरकारले खटाएको काममा संलग्न नभएमा निजलाई नेपाल सरकारबाट प्रदान गरिने वा नेपाल सरकारलाई प्राप्त हुने अन्य कुनै पनि छात्रवृत्तिमा छनौट गरिने छैन ।

(२) समितिको सचिवालयले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा नगरी छाड्ने वा दफा २५ बमोजिम नेपाल सरकारले खटाएको काममा संलग्न नहुने विद्यार्थीको विवरण अद्यावधिक

गराई राखेछ र सोको एक प्रति शिक्षा मन्त्रालयको छात्रवृत्ति शाखालाई समेत उपलब्ध गराउनेछ।

२९. <u>प्रतिवेदन पेश गर्ने</u>: (१) समितिले प्रत्येक वर्ष समितिबाट प्रदान गरिएका छात्रवृत्तिको विवरण, छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीहरुको अवस्था, रकमको अवस्था, छात्रवृत्तिको प्रभावकारिता तथा यसको उपलब्धीको मूल्यांकन, समावेशीबाट प्राप्त उपलब्धी तथा यस सम्बन्धमा रहेका समस्याहरु र समाधानका उपायहरु सहितको प्रतिवेदन सामान्य प्रशासन मन्त्री समक्ष पेश गर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम पेश गरेको प्रतिवेदन सार्वजनिक गर्नेछ ।

३०. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने</u>: (१) समितिले आफूले सम्पादन गर्ने काम सूचारु र प्रभावकारी रुपमा सम्पादन गर्नका लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यवधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३१. उजुरी सुनुवाई समिति: (१) विद्यार्थी छनौट सम्वन्धी समितिको निर्णयमा चित्त नबुझ्ने उम्मेदवारले समितिबाट निर्णय भएको मितिले पन्ध्र दिनभित्र ठोस आधार र कारण सहित उजुरी सुनुवाई समितिमा उजुरी निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि देहायको उजुरी सुनुवाई समिति रहनेछः-

| | |
|---|---|
| (क) मुख्य सचिव | – अध्यक्ष |
| (ख) सचिव, अर्थ मन्त्रालय | – सदस्य |
| (ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, | – सदस्य |
| (घ) सचिव, शिक्षा मन्त्रालय | – सदस्य |
| (ङ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | – सदस्य-सचिव |

(३) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा उजुरी सुनुवाईको म्याद समाप्त भएको मितिले बढीमा पन्ध्र दिन भित्र उपदफा (२) बमोजिमको समितिले निर्णय दिनु पर्नेछ र सो निर्णय अन्तिम हुनेछ ।

३२. <u>सहयोग गर्नु पर्ने</u>: समिति तथा समितिको सचिवालयको काममा आवश्यक सहयोग गर्नु सरकारी कार्यालयहरु, विश्वविद्यालय, प्रतिष्ठान र अन्य शिक्षण संस्थाको कर्तव्य हुनेछ ।

३३. <u>बाधा अड्काउ फुकाउन सक्ने</u>: यस निर्देशिकामा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा समितिले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

३४. <u>खारेजी र बचाउ</u>: (१) निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका,२०७१ खारेज गरिएको छ ।

(२) निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७१ बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका वमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ५ सँग सम्बन्धित)

### खण्ड (क)

समावेशीमा अध्ययन गर्ने छात्र छात्राको अभिलेख फाराम

| क.सं | विषय | शैक्षिक वर्ष | निवेदकको नाम, थर | ४५ प्रतिशत समावेशी सिट संख्या मध्ये निजामती सेवा ऐन, २०४९ को दफा ७(७) बमोजिम सो प्रतिशतलाई १०० प्रतिशत मानि निम्न बमोजिमको समूहमा निम्न बमोजिमको समूहमा निम्न बमोजिम प्रतिशतमा बाँडफाँड गरिएको | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला ३३% | आदिवासी/जनजाति २७% | मधेसी २२% | दलित ९% | अपाङ्गता भएका व्यक्ति ५% | पिछडिएको क्षेत्र ४% | |
| | | | | | | | | | | |

### खण्ड (ख)

खुलातर्फ अध्ययन गर्ने छात्र छात्राको अभिलेख फाराम

| क.सं. | विषय | शैक्षिक वर्ष | निवेदकको नाम, थर | खुलातर्फ | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | |

अनुसूची-२

(दफा १६ सँग सम्बन्धित)

योग्यताक्रमको सूची तयार गर्ने फाराम

खण्ड (क)प्राप्ताङ्क गणनाको तरीकाः

उम्मेदवारको प्राप्ताङ्क = <u>सम्बन्धित शैक्षिक तहका लागि छुट्याईएको अधिकतम् अंक भार x विद्यार्थीले प्राप्त गरेको प्रतिशत</u>
१००

खण्ड (ख)प्राप्ताङ्क तालिकीकरणः

| सि.नं. | निवेदकको नाम | प्रवेशिका परीक्षा वा सो सरहको उपाधिको लागी प्राप्त अंक | | दश जोड दुई वा सो सरहको उपाधिको लागी प्राप्त अंक | | कूल प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | अन्य | सामुदायिक | अन्य | सामुदायिक | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची-३

(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

**कबुलियतनामाको ढाचा**

श्री ............................ को नाति/नातिनी श्री ............................ को छोरा/छोरी................................. बस्ने मिति ........................ मा जन्म भएको म............................................................ नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालयबाट निजामती कर्मचारीका सन्ततिलाई उपलब्ध गराईने व्यवस्था बमोजिम छनौट भएको ..................................... विषयको अध्ययनको वार्षिकरुपमा प्रगति विवरण बुझाउनुका साथै अध्ययन पूरा गर्नेछु र सो अध्ययन पूरा हुनासाथ नेपाल सरकारले खटाएको काममा संलग्न हुन मन्जुर गर्दछु । मैले छात्रवृत्ति पाएको विषयमा यस निर्देशिका द्वारा तोकिएको भन्दा बढी रकम प्राप्त गरेमा, अध्ययन पूरा नगरेमा, छात्रवृत्ति प्राप्त गरेको विषय परिवर्तन गरेमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको पाईएमा वा छात्रवृत्ति पाएको विषयमा अध्ययन पूरा गरेपछि नेपाल सरकारले खटाएको काम नगरेमा मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा तथा सोमा लागेको व्याज रकम समेत नेपाल सरकारलाई बुझाउने छु । सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असूल उपर गरेमा मेरो मञ्जुरी भएकोले यो कबुलियतनामा गरी नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय, छात्रवृत्ति व्यवस्थापन समितिको सचिवालयमा बुझाएँ।

<u>छात्रवृत्ति पाउनेको</u>

सही:-

नाम:-

ठेगाना:-

मिति:-

फोन:-

इमेल:-

अध्ययनरत शिक्षण संस्थाको

नाम:

ठेगाना:

फोन नं.

ल्याप्चे सहीछाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

छात्रवृत्तिमा छनौट भएको मेरो छोरा/छोरीले उपर्युक्त कबुलियतनामा बमोजिमको काम नगरेमा नेपाल सरकारलाई बुझाउनु पर्ने रकम *मेरो तलब भत्ता, अन्य सुविधा वा निवृत्तभरणबाट कट्टा* गरी असूल उपर गरेमा मेरो मञ्जुरी छ ।

छात्रवृत्ति पाउने विद्यार्थीको बाबु वा आमा वा संरक्षकको:-

सही:-

नाम:-

ठेगाना:-

मिति:-

फोन:-

इमेल:-

कार्यरत कार्यालय:-

दर्जा:-

संकेत नं. -

अवकाश पाएको कर्मचारीको हकमा निजको पेन्सन पट्टा नम्बर:-

ल्याप्चे सहीछाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |